## सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार लगायत संबद्ध निकायहरूबाट जारी भएका आदेशहरुको निरन्तरता र विद्यमान अवस्थाको मूल्याङ्कनसमेतका आधारमा अदालतहरूबाट सम्पादन हुने कामकारवाही तथा सेवा प्रवाहका सम्बन्धमा मिति २०७८ जेठ २१ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

क) सर्वोच्च अदालतबाट सम्पादन हुने कामकारवाही र सेवाप्रवाहका सम्बन्धमा मिति २०७८।०२।१३ को पूर्ण बैठकको निर्णयबमोजिमका काम कारवाही र सेवाहरुलाई नै मिति २०७८।०२।३१ गतेसम्म निरन्तरता दिने।

ख) उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूको काम कारवाही तथा सेवाप्रवाह एवम् हदम्याद, म्याद र तारेखसमेतका विषयमा मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णयानुसार हुने।

मिति : २०७८।०२।२१

देवेन्द्र ढकाल

सहप्रवक्ता